| क्र.सं. | प्रस्ताव तथा सो सम्बन्धमा भएको निर्णय |
|---|---|
| १ | **संघीय शिक्षण सिकाइ अनुदान सम्बन्धमा ।** |
| | संघीय सरकारबाट प्राप्त आधारभूत तह (६-८) शिक्षण सिकाइ अनुदान शिक्षक संख्या १ श्री कालिका आधारभूत विद्यालय रामारोशन ६ लाई सम्बन्धित कार्यविधि, मापदण्ड तथा स्वीकृत कार्यक्रमअनुसार सम्बन्धित विद्यालयहरूमा नियमानरसार शिक्षक भर्ना अनुमति प्रक्रिया कार्यान्वयन गर्ने निर्णय गरियो । |
| २ | **गाउँपालिकाको प्रशासकीय भवनको लागि जग्गा खरिदको भुक्तानी सम्बन्धमा ।** |
| | गाउँपालिकाको प्रशासकीय भवन निर्माणका लागि आवश्यक जग्गा प्रचलित मापदण्डबमोजिम मूल्याङ्कन,अमिनको प्रतिवेदनका आधारमा गाउँपालिकाको लागि अपुग जग्गा  श्री मोहन सिं रावलको जग्गा कित्ता नं २२८ सरकारी दररेट अनुसार रु ४,९१,४९०। (अक्षेरुपी चार लाख एकानब्बे हजार चार सय नब्बे मात्र) सो जग्गाको भुक्तानी गर्न गाउँपालिकाको प्रशासकीय भवनको लागि जग्गा खरिद शीर्षकमा बजेट व्यवस्थापन गरी भुक्तानी गर्ने निर्णय गरियो । |
| ३ | **रामारोशन गाउँपालिकाको Sky Running कार्यक्रमको भुक्तानीका लागि रु. ४ लाख रकमान्तर सम्बन्धमा ।** |
| | मिति २०८३।०३।०३ गते एडभेन्चर फेडेरेशन नेपाल द्वारा आयोजित रामारोशनमा सम्पन्न भएको  Sky Running कार्यक्रम सम्पन्न गर्न बाँकी रहेको भुक्तानी व्यवस्थापनका लागि पदाधिकारी सेवा सुविधा शीर्षकबाट रु ४,००००० (अक्षेरुपी रु चार लाख मात्र) सम्बन्धित बजेट शीर्षकबाट  रकमान्तर गरी भुक्तानी गर्ने  निर्णय गरियो। |
| ४ | **पाठ्यक्रम खरिदका गर्नका लागि बजेट शीर्षक रकमान्तर सम्बन्धमा ।** |
| | विद्यालय तहका लागि आवश्यक पाठ्यक्रम तथा पाठ्यपुस्तक खरिद गर्न आवश्यक बजेट यस शिक्षा शाखाको कार्यक्रम परियोजना अनुसार क्रम संख्या १० गाउँपालिका भित्रका विद्यालयमा अध्ययनरत विद्यार्थीका लागि अतिरिक्त कार्यक्रम शीर्षको रु १,५०,०००। रु. एक लाख पचास हजार मात्र विद्यालय तहको पाठ्यक्रम  खरिदका रु. १,००,००० (अक्षेरुपी रु. एक लाख मात्र)   लागि  रकमान्तर  गर्ने तथा सोही अनुसार खर्च गर्ने निर्णय गरियो। |
| ५ | **वडा नं. ४ मा कर्मचारी खटाउने सम्बन्धमा ।** |
| | रामारोशन गाउँपालिका वडा नं. ४ का वडा सचिव/ प्रशासन सहायक पाचौँ श्री राजेश्वरी शर्मा सरुवा भई टिकापुर नगरपालिकामा  गएकोले उक्त वडा न. ४ को  दैनिक प्रशासनिक तथा सेवा प्रवाहको कार्य प्रभावित हुन नदिन यस गाउँपालिकामा कार्यरत कर्मचारी श्री कृष्ण विष्टलाई अर्को व्यवस्था नभएसम्मका लागि वडा नं. ४ को वडा सचिवको कामकाजमा  मिति २०८३।०३।२५ गते लागुहुने गरी खटाउने निर्णय गरियो। |

| | |
|---|---|
| ६ | **पालिका स्तरीय राष्ट्रपति रनिङ शिल्ड २०८२ को अपुग रकमका लागि दायित्व सार्ने सम्बन्धमा ।** । |
| | पालिका स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता २०८२ श्री विन्देश्वरी मा वि मा सञ्चालन गर्दा अपुग भएको रकम रु १,५०,०००। (अक्षेरुपी रु. एकलाख पचास हजार मात्र) व्यवस्थापनका लागि दायित्व सारी भुक्तानी गर्ने निर्णय गरियो। |
| ७ | **तुर्माखाँद गाउँपालिकामा आयोजना हुने भलिबल प्रतियोगितामा खर्च व** सहभागिता सम्बन्धमा। |
| | अछाम जिल्लाको तुर्माखाँद गाउँपालिकाको आयोजनामा सञ्चालन हुने भलिबल प्रतियोगितामा यस गाउँपालिकाको तर्फबाट भलिबल खेलाडी सहभागी गराउन आवश्यक खर्च व्यवस्थापनका लागि रु. १,००,००० (एक लाख रुपैयाँ) सवारी साधन मर्मत शीर्षकबाट रकमान्तर गरी भुक्तानी गर्ने निर्णय गरियो। |
| ८ | **असार महिनामा शनिबार र आइतबार कार्यालय सञ्चालन सम्बन्धमा।** |
| | आर्थिक वर्षको अन्त्यमा भुक्तानी, लेखा संग सम्बन्धित कार्य तथा अन्य प्रशासनिक कार्य समयमै सम्पन्न गर्न आवश्यक भएकाले असार महिना अनिवार्य शनिबार तथा आइतबार सार्वजनिक बिदाको दिनसमेत कार्यालयको दैनिक कामकाज सञ्चालन गर्ने निर्णय गरियो। |
| ९ | **डिजेलको रकम भुक्तानी सम्बन्धमा।** |
| | गाउँपालिकाको वार्ड न. ५,१,२ मा कार्यालय तथा सेवा प्रवाहका क्रममा निर्माण तथा सरसफाइमा प्रयोग भएका सवारीसाधन तथा उपकरणको लागि डिजेलमा खर्च भएको डिजेलको बिल तथा प्रमाणका आधारमा भुक्तानी गर्ने निर्णय गरियो। |
| १० | **नन्दकाली आधारभूत विद्यालयको छाना मर्मत खर्च सम्बन्धमा ।** |
| | रामारोशन गा पा स्थित श्री नन्दकाली आधारभूत विद्यालयको छाना मर्मत कार्य सम्पन्न गर्दा लागेको खर्च रु १,९१,४३७ (अक्षेरुपी रु. एक लाख एकानब्बे हजार चार सय सैतिस मात्र) भुक्तानीका लागि आवश्यक रकम प्राविधिक नापजाच गरी उपयुक्त बजेट शीर्षकबाट रकमान्तर गर्ने भुक्तानी गर्ने निर्णय गरियो। |
| ११ | **कर्मचारीको तलब भुक्तानी सम्बन्धमा ।** |
| | यस रामारोशन गाउँपालिका LACC परियोजनामा कार्यरत कर्मचारी श्री कालु सिंह विकको तलब फिनल्यान्ड सरकारबाट प्राप्त सहयोग कार्यक्रमअनुसार सम्बन्धित परियोजनाबाट उपलब्ध गराउने तथा श्री हिरण्ड भण्डारीको तलब गाउँपालिकाको स्वीकृत बजेटबाट भुक्तानी गर्ने निर्णय गरियो । |
| १२ | **श्री कालिका बाल विकास केन्द्रको जग्गा खरिद सम्बन्धमा ।** |

| | |
|---|---|
| | यस रामारोशन गाउँपालिका वार्ड न. ३ स्थित श्री कालिका बालविकास केन्द्रको लागि मापदण्ड बमोजिम आवश्यक पर्ने जग्गा खरिदका लागि आ. व. २०८३।०८४ को बजेट तथा कार्यक्रमबाट जग्गा खरिदका लागि बजेट सुनिश्चित गरी आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो। |
| १३ | **राष्ट्रिय परिचयपत्र सेवामा खटिएका कर्मचारीको खाना तथा बास व्यवस्था सम्बन्धमा।** |
| | यस रामारोशन गाउँपालिका राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागबाट खटिएका कर्मचारीले आफ्नो तलब आफ्नै कार्यालयबाट पाउने व्यवस्था भएको, स्थानीय तहमा सार्वजनिक सेवा प्रवाहका लागि खटिएर काम गरिरहेका अवस्थामा स्थानीय तहले खाना तथा बासको व्यवस्था गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ११ : गाउँपालिकाको सेवा प्रवाह, प्रशासन सञ्चालन तथा स्थानीय सेवाको व्यवस्थापन गर्ने अधिकार । दफा १०२ : गाउँपालिकाले आफ्नो कार्यसम्पादनका लागि आवश्यक निर्णय गर्न सक्ने अधिकार।राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ ले राष्ट्रिय परिचयपत्रसम्बन्धी सेवा स्थानीय तहसँगको समन्वयमा सञ्चालन गर्ने व्यवस्था गरेको छ। गाउँपालिकाको स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत प्रशासनिक/सेवा सञ्चालन शीर्षकमा बजेट उपलब्ध भएमा सोही शीर्षकबाट खर्च गर्न सकिन्छ। राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागबाट रामारोशन गाउँपालिकामा राष्ट्रिय परिचयपत्र दर्ता तथा सम्बन्धित सेवा सञ्चालन गर्न खटिनुभएका कर्मचारी श्री सैलेश महत ले गाउँपालिकाको दुर्गम क्षेत्रमा निरन्तर सेवा प्रवाह गरिरहनुभएको र सेवा प्रभावकारी तथा सहज रूपमा सञ्चालन गर्न आवश्यक भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ र दफा १०२ तथा गाउँपालिकाको स्वीकृत वार्षिक बजेटअन्तर्गत सेवा सञ्चालन तथा प्रशासनिक व्यवस्थापन शीर्षकको व्यवस्थाबमोजिम, उहाँ कार्यरत अवधिसम्म गाउँपालिकाको तर्फबाट खाना तथा बास वापतको व्यवस्था गर्ने निर्णय गरियो। |
| १४ | **एकद्वार संकट व्यवस्थापन केन्द्रको घुम्ती बैठक सम्बन्धमा।** |
| | यस रामारोशन गाउँपालिकाको आयोजनामा एकद्वार संकट व्यवस्थापन केन्द्र अछामको घुम्ती बैठक आगामी आ. व. २०८३।०८४ को साउन महिनामा राख्ने र सो बैठकका लागि आ व २०८३।०८४ को बजेट तथा कार्यक्रमबाट रु १,००,००० रु एकलाख रुपैया विनियोजित गर्ने निर्णय गरियो। |
| १५ | श्री सरस्वती मा वि झाता, श्री बालज्योति आवि र पूर्ण चन्द्र मा वि, नन्दादेवी देवी आ वि सम्बन्धमा । |
| | यस रामारोशन गाउँपालिका वार्ड नं ४ स्थित श्री सरस्वति मा वि झातालाइ १५ जालीको पर्खालको लागि प्राविधिक नापजाँचका बील स्टिमेट र कार्य सम्पन्न प्रतिवेदन प्राप्ततताका आधारमा रु १ लाख १६ हजार ४ सय मात्र भुक्तानी दिने र वार्ड नं २ स्थित श्री बाल ज्योति आ वि लाई सो विद्यालयको लेटरहेडमा माग भइ आएका फर्निचर सामग्री पालिकाको प्रशासनिक खर्च बाट रु. ५०,०००। अक्षेरुपी रु. पचास हजार मात्र रकम भुक्तानी गर्ने, श्री नन्दकाली आ वि लाइ रु १५,०००। (अक्षेरुपी रु पन्ध्रहजार मात्र) भुक्तानी गर्न पर्ने भएकोले शिक्षा शाखाको विद्यालयमा शतप्रतिशत हाजिरी हुने ४६ जना विद्यार्थी र ४६ जना शिक्षक पुरस्कृत कार्यक्रमको शीर्षकबाट र गाउँपालिका भित्रका विद्यालयमा अध्ययनरत विद्यार्थीका लागि अतिरिक्त |

| | |
|---|---|
| | कार्यक्रमबाट भुक्तानी दिने  निर्णय गरियो । |
| १६ | आर्थिक सहयोग सम्बन्धमा । |
| | यस रामारोशन गाउँपालिका वार्ड नं २ स्थित श्री शिद्दराज दवकोटाको दुवै मृगौला फेल भएकोले  प्रत्यारोपण औषधि सेवन  तथा चेक जाचका लागि उपयुक्त शीर्षकबाट रु. ५०,०००। रु पचास हजार मात्र रकम भुक्तानी दिने निर्णय गरियो । |